# “मल्लरानी गाउँपालिकाको ब्याकहो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि २०८०”

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०६/४ गते

मल्लरानी गाउँपालिका

खलंगा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

मल्लरानी गाउँपालिकाले खरिद गरेको व्याकहो लोडर विभिन्न व्यक्ति, संस्था र निकायलाई भाडामा उपलब्ध गराउँदा अवलम्बन गर्नुपर्ने विधि र प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाई लापरबाही, हिनामिना नियन्त्रण गर्नका लागि प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम मल्लरानी गाउँपालिकाले व्याकहो लोडर संचालन कार्यविधि, २०८० तर्जुमा गरी लागु गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम मल्लरानी गाउँपालिकाको ब्याकहो लोडर संचालन कार्यविधि २०८० रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाको स्वीकृत पश्चात तुरुन्त लागु हुने छ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यविधि" भन्नाले मल्लरानी गाउँपालिकाको व्याकहो लोडर संचालन कार्यविधि, २०८० बुझ्नुपर्छ।

ख) "गाउँपालिका" भन्नाले मल्लरानी गाउँपालिका बुझ्नुपर्दछ।

ग) "कोष" भन्नाले व्याकहो लोडर संचालन कोष बुझ्नुपर्दछ।

घ) "व्याकहो लोडर" भन्नाले विकास निर्माण सम्बन्धी काम गर्न र विपद जन्य कार्यमा प्रयोग गरिने गाउँपालिकाको स्वामित्वमा रहेको मेशिनरी उपकरणलाई जनाउँछ।

ङ) धरौटी भन्नाले कुनै काम नसकिएसम्म जमानत वापत राखिएको रकमलाई जनाउँछ।

**३. कार्यविधिको उद्देश्यः**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।

क. गाउँपालिकाको स्वामित्वमा रहेको व्याकहो लोडरलाई सदुपयोग गर्न सघाउ पुऱ्याउने।

ख. व्याकहो लोडरलाई मितव्ययी, पारदर्शी तरिकाले संचालन गरी आन्तरिक आम्दानी वृद्धि गर्ने तथा जनतालाई अत्याधिक मात्रामा सेवा दिई जनताको अपनत्व वृद्धि गर्ने।

ग. आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउने।

घ. गाउँपालिकाको संस्थागत क्षमता विकास, आयोजना व्यवस्थापन र वित्तिय अनुशासन कामय गर्ने।

ङ. व्याकोहो लोडर संचालन समितिलाई उल्लेखित साधनहरु प्रति अझ वढी जिम्मेवार र उत्तरदायी बनाउने।

च. व्याकहो लोडरलाई कुशलता पूर्वक संचालन गरी दिर्घकालिन रुपमा प्रयोगमा ल्याउने।

**४. ब्याकहो लोडर प्रयोगको क्षेत्र र प्राथमिकताक्रमः**

(१) ब्याकहो लोडर दैवी प्रकोप, फोहरमैला व्यवस्थापन, विकास निर्माण सम्बन्धी कार्यमा बाहेक अन्य कार्यमा प्रयोग गरिने छैन।

(२) गाउँपालिकाको स्वामित्वमा रहेको ब्याकहो लोडर प्रयोग गर्न उपलब्ध गराउँदा देहायको प्राथमिकता बमोजिम गरिनेछः

क) दैवी प्रकोप उद्धारको कार्यमा

ख) गाउँपालिका क्षेत्रमा गाउँपालिकाबाट संचालन भएका विकासका आयोजनाको कार्यमा

ग) गाउँपालिका क्षेत्रमा उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका विकास आयोजनाको कार्यमा

घ) गाउँपालिका क्षेत्र भित्र सरकारी, गैह्र सरकारी क्षेत्रबाट संचालित विकास आयोजनासँग सम्बन्धित

ङ) कार्यमा गाउँपालिका क्षेत्रका अन्य व्यवसायी, निर्माण कर्मीहरुलाई भाडामा दिंदा।

च) फोहरमैला व्यवस्थापन कार्यमा।

## परिच्छेद २
## जनशक्ति व्यवस्थापन

**५. ब्याकहो लोडर संचालन गर्नका लागि जनशक्ति व्यवस्थाः**

(१)ब्याकहो लोडर संचालन गर्नका लागि एक जना चालक (अपरेटर) र एक जना सहयोगी (सहायक अपरेटर) को व्यवस्था गरिनेछ।

(२)ब्याकहो लोडर अपरेटरको योग्यता देहाय वमोजिम हुनेछ ।

क. नेपाली नागरिक ।

ख. सामान्य लेखपढ गर्न जानेको ।

ग. J2 क्याटेगोरीको लाईसेन्स प्राप्त गरेको कम्तिमा २ बर्ष पुरा भएको ।

घ. फौजदारी कसुरमा कुनै सजाय नपाएको ।

ङ. २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको

(३)सहायक अपरेटरको योग्यता देहाय वमोजिम हुनेछ ।

क. नेपाली नागरिक ।

ख. सामान्य लेखपढ गर्न जानेको ।

ग. फौजदारी कसुरमा कुनै सजाय नपाएको ।

घ. १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

(४)व्याकहो लोडर अपरेटर र सहायक अपरेटर व्यवस्थापनका लागि देहाएको पदपूर्ति समिति हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृतः संयोजक

प्रशासन शाखा प्रमुखः सदस्य

गाउँकार्यपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारीः सदस्य

प्रयोगात्मक परीक्षा संचालनका लागि पदपूर्ति समितिले एकजना अनुभव प्राप्त व्याकहोलोडर अपरेटर विज्ञको रुपमा नियुक्त गर्नुपर्नेछ ।

(५)व्याकहो लोडर अपरेटर र सहायक अपरेटर व्यवस्थापनका लागि ७ देखि १५ दिनको सूचना प्रकाशन गरी दरखास्त आह्वान गरिनेछ । दश जना भन्दा कम व्यक्तिको आवेदन परेमा सबै परीक्षार्थिको मौखिक र प्रयोगात्मक परीक्षा संचालन गरिनेछ । दश जना भन्दा बढी व्यक्तिको आवेदन परेमा प्रारम्भिक सूची प्रकाशन गरि मौखिक र प्रयोगात्मक परीक्षा संचालन गरिनेछ । प्रारम्भिक सूचिमा छनौटको लागि देहाय वमोजिमको अङ्क प्रदान गरिनेछ ।

आफ्नै स्थानीय तहमा स्थायी ठेगाना भएकोः ५ अङ्क, जिल्ला भित्रः ३ अङ्क जिल्ला बाहिरः २ अङ्क

व्याकहो लोडर चलाएको अनुभवः बढिमा २५ अङ्क, १ बर्ष अनुभवको ५ अङ्क दिईने ।

व्याकहो लोडर चालकको लाईसेन्स प्राप्त भएको २ बर्ष पुरा भएकोः ४ अङ्क, बढी अवधि भएकोमा प्रति बर्ष ४ अङ्कका दरले बढिमा २० अङ्क प्रदान गर्न सकिनेछ ।

(६) अपरेटर र सहायक अपरेटरको नियुक्ति पत्र र करार सम्झौताको ढाँचा अनुसूची -१, अनुसूची -२, अनुसूची -३ र अनुसूची -४ बोजिम हुनेछ ।

**६. व्याकहो लोडर अपरेटर र सहायक अपरेटरको पारिश्रमिक र सेवा सुविधाः** अपरेटर र सहायक अपरेटरको न्यूनतम पारिश्रमिक क्रमशः २० हजार र १७ हजार ३ सय हुनेछ । अपरेटरको भत्ता प्रति घण्टा रु ७५ र सहायक अपरेटरको भत्ता प्रति घण्टा रु २० रुपैयाँ उपलव्ध गराईनेछ ।

## परिच्छेद - ३

## व्याकहो लोडर संचालन तथा व्यवस्थापन सम्वन्धि व्यवस्था

**७. व्याकहो लोडरको भाडा दर निर्धारणः**

व्याकहो लोडर भाडा दर प्रचलित जिल्ला दररेटलाई आधार मानी यस कार्यविधिमा उल्लेख भएको सञ्चालन समितिको सिफारिसमा कार्यपालिकाको बैठकको निर्णयबाट निर्धारण भए बमोजिम हुनेछ।

**८. ब्याकहो लोडर भाडामा उपलव्ध गराउने सम्वन्धि व्यवस्थाः**

(१) भाडामा लिन चाहने व्यक्ति, संघ, संस्था, उपभोक्ता समिति, फर्म तथा कम्पनीको प्रोप्राईटरले स्वीकृत दररेटमा अग्रिम रुपमा धरौटी स्वरुप गाउँपालिकामा नगदै जम्मा गरेको धरौटी रसिद वा गाउँपालिकामा

नगदै जम्मा गरेको धरौटी रसिद वा गाउँपालिकाले तोकिदिएको बैंकमा तोकिएको समय अनुसारको रकम जम्मा गरेको बैंक भौचर सहित **अनुसूची ५** बमोजिम ढाँचामा गाउँपालिका सक्षम निवेदन दिनुपर्नेछ।

क. यसरी निवेदन प्राप्त हुन आएमा व्याकहो लोडर व्यवस्थापन समितिको बैठक बसी व्याकहो लोडर उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

ख. तोकिएको समयावधिको कार्य समय समाप्त भएपछिको भाडा रकमबापत गाउँपालिकाले कट्टी गर्नुपर्ने रकमको नगदी रसिद कार्यालयले उपलब्ध गराउनेछ।

ग. नगदै रकम जम्मा गरेको वा बैंकमा रहेको तोकिएको खातामा जम्मा गरेको धरौटी रकम तोकिएको समयावधी भन्दा कम काम भए कार्यालयले कामको परिणाम अनुसारको दरको रकम कट्टा गरी बाँकी रकम फिर्ता गर्नेछ।

घ. धरौटी वापत जम्मा भएको रकमले खामे भन्दा बढी समय व्याकहो लोडर कार्य प्रकृया अगाडी बढाउन बाध्य हुनेछैन। तर कार्यालयमा आई वा कार्यालयको प्रतिनिधि वा व्याकहो लोडर चालकलाई धरौटी वापत थप रकम बुझाएमा कार्य सुचारु गर्न सकिनेछ। सो कुराको जानकारी कुनै पनि संचारको माध्यमबाट तुरुन्त कार्यालयलाई जानकारी गराउनुपर्नेछ।

ङ. कार्यालयको अनुमति नलिई चालकले कार्य प्रकृया अगाडी बढाएमा चालकबाटै सरकारी बाँकी सरह उपर गरी चालकलाई विभागिय कारबाही गरिनेछ।

च. व्याकहो लोडर भाडामा लिन चाहने व्यक्ति, संस्था, फर्म, उपभोक्ता समिति, कम्पनी वा प्रोप्राईटरले भाडामा लिदा, भाडा कार्यालय वा व्याकहो लोडर रहेकै स्थानबाट भाडादर गणना गरिनेछ।

छ. यदि गाउँपालिकाको कोषबाटै हुने विकास निर्माण कार्यको हकमा व्यक्ति, संस्था, फर्म कम्पनी, उपभोक्ता समितिले कार्य संचालन गर्दा गाउँपालिकाले निजको विलबाट कट्टा हुने गरी व्याकहो लोडर उपलब्ध गराउन सक्नेछ। तर अग्रिम नगदै वा बैंक जम्मा गर्ने व्यक्ति फर्म, संस्था, कम्पनी, ठेकेदार वा उपभोक्ता समितिलाई विषेश प्राथमिकता दिईनेछ।

ज. व्याकहो लोडर भाडामा लिने व्यक्ति फर्म, संस्था, कम्पनी, ठेकेदार, उपभोक्ता समितिले व्याकहो लोडर भाडामा लिने स्थान देखि नै ईन्धन खर्च व्यहोर्नु पर्नेछ।

झ. व्याकहो लोडरको आन्तरिक खाता छुट्टै हुनेछ। उक्त खातामा उक्त मेशिनले कार्य गर्दा प्राप्त हुने भाडा रकमलाई जम्मा गरिनेछ।

ञ. चालकले प्रत्येक घण्टाको लगबुक तयार गर्नुपर्नेछ। कार्य स्थलमा काम गर्दा बढी काम गरी कम काम देखाई वा तोकिएको भन्दा बढी काम गरी कुनै तरीकाले कुनै कर्मचारी तथा पदाधिकारी, व्यक्ति, संस्था, ठेकेदार वा उपभोक्ता समितिको यस निर्देशिका भावना र मर्म विपरीत हुने गरी

प्रलोभन, मोलाहिजा, भनसुन तथा कसैको डर, धम्कि धाकमा परी कसैलाई संचालन गर्न दिए उल्लेखित कार्यलाई गम्भिर अपराध मानि प्रचलित कानुन बमोजिम निजलाई कारबाही गरिनेछ।

ट. समितिले व्याकहो लोडर अनिवार्य रुपमा विमा गराउनु पर्नेछ।

## परिच्छेद ४

## व्याकहोलोडर संचालन तथा व्यवस्थापन कोष सम्वन्धि व्यवस्था

**९. व्याकहो लोडर संचालन तथा व्यवस्थापन कोषः (१)** गाउँपालिकामा व्याकहो लोडर संचालन कोष रहनेछ। यस कोषमा देहाय वमोजिमको रकम जम्मा गरिनेछ ।

क. गाउँपालिकावाट संचालन हुने आयोजनाहरुमा व्याकहोलोडर प्रयोग भई आम्दानी भएको रकम ।

ख. उपभोक्ता समितिहरुवाट संचालन हुने आयोजनाहरुमा व्याकहोलोडर प्रयोग भई आम्दानी भएको रकम ।

ग. व्याकहो लोडर भाडामा दिदा प्राप्त भएको रकम ।

(२) उपदफा १ वमोजिमको कोषबाट तपसिल बमोजिमका शिर्षकहरुमा बाहेक अन्य शिर्षकमा कुनै रकम खर्च गरिनेछैन।

क. व्याकहो लोडर चालक र सहयोगीलाई दिईने तोकिए अनुसारको तलब भत्ता रकम।

ख. ईन्धन खर्च।

ग. मेशिनरी औजार उपकर, पाटपूर्जाको मर्मत तथा खरिद खर्च।

घ. मेसिन संचालन गरेवापत नेपाल सरकारलाई तिर्नु पर्ने कर रकम।

ङ. व्याकहो लोडर संचालन समितिको बैठक बस्दा भएको चिया, खाजा खर्च।

च. गाउँ कार्यपालिका बैठकले निर्णय गरे अनुसारका शिर्षकहरुमा खर्च हुने रकम।

छ. मेशिन संचालन गर्दा आईपर्ने विविध तथा भैपरी खर्च।

**१०. व्याकहो लोडर संचालन समिति गठनः**

व्याकहो लोडर संचालनको लागि देहाय बमोमिम व्याकहो लोडर संचालन समिति हुनेछ।

| | | |
|---|---|---|
| क. | गाउँपालिका अध्यक्ष | संयोजक |
| ख. | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग. | सबै वडा अध्यक्ष | सदस्य |
| घ. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ. | पूर्वाधार समिति संयोजक | सदस्य |
| च. | पूर्वाधार शाखा प्रमुख | सदस्य |

छ.  राजश्व ईकाई प्रमुख  सदस्य सचिव

**११. व्याक हो लोडर संचालन समितिको काम कर्तव्य र अधिकारः**

क. उल्लेखित प्रावधानहरुको परिधि भित्र व्यक्ति, संस्था, कम्पनी, ठेकेदार, उपभोक्ता समितिहरुलाई भाडामा व्याकहो लोडर उपलब्ध गराउने।

ख. व्याकहो लोडरको मर्मत संभार तथा नयाँ पाटपूर्जा थप गर्नु पर्ने भए निर्णय गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने।

ग. संचालक समितिको बैठकमा कम्तिमा महिनाको २ पटक अनिवार्य रुपमा बस्नुपर्नेछ। उक्त बैठकमा व्याकहो लोडरको अवस्था, बस्तुस्थिति र आय व्यय समेतको समिक्षा गरी प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने।

घ. बैठकको गुपुरक संख्या दुई तिहाई हुनेछ। दुई तिहाई सदस्यको निर्णय मान्य हुनेछ।

ङ. बैठक संचालन हुँदा उक्त कोषबाट खाजा खर्च बाहेक अन्य खर्च गरिनेछैन।

**१२. व्याकहो लोडर व्यवस्थापन समितिः**

गाउँपालिकाको व्याकहो लोडर लाई व्यवस्थित गर्न देहाय अनुसार एक गाउँपालिकाका व्याकहो लोडर व्यवस्थापन समिति रहनेछ।

व्याकहो लोडर व्यवस्थापन समितिः

| | |
|---|---|
| क. गाउँपालिका उपाध्यक्ष | अध्यक्ष |
| ख. पुर्वधार विकास समितिका संयोजक | सदस्य |
| ग. १ जना महिला सदस्य सहित ३ जना कार्यपालिका सदस्य | सदस्य |
| घ. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ङ. पुर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| च. योजना शाखा प्रमुख | सदस्य |
| छ. राजश्व ईकाई प्रमुख | सदस्य सचिव |

**१३. व्याकहो लोडर व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

क. गाउँपालिकाको व्याकहो लोडरलाई व्यवस्थित गर्ने

ख. व्याकहो लोडर संचालन समितिको निर्णय अनुसार व्याकहो लोडर भाडामा लगाउने, भाडा लक बुक राख्ने र सदस्य सबैले प्रमाणित गर्ने,

ग. व्याकहो लोडर संचालन हुने स्तानमा पठाउने, कार्यालयमा फिर्ता ल्याउने, तोकिएको स्थानमा तोकिएको उद्देश्य अनुसार संचालन भए नभएको चेक जाँच गर्ने लगायतका व्याकहो लोडर सुरक्षाको व्यवस्थापन गर्ने,

घ. व्याकहो लोडर भाडाको रसिद आम्दानी गर्ने वा बैंक भौचर आम्दानी बाँध्ने,

ङ. व्याकहो लोडर मर्मत संभार गर्ने र चालु हालतमा राख्ने,

च. तोकिएको अन्य कार्य गर्ने।

१४. हेरफेर तथा वाधा अड्काउ फुकाउ गर्न सक्नेः यस कार्यविधि कार्यान्वयनका सिलसिलामा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोगनका लागि गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

आज्ञाले
महेश के.सी.
प्रमुख प्रशासकीय अधिकृत